बैठक संख्याः २१

श्री

आज मिति २०८० साल आषाढ २७ गते दिउसो ३:०० बजे नगर प्रमुख श्री शम्भुलाल श्रेष्ठज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छ ।

<u>उपस्थिति</u>

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री शम्भुलाल श्रेष्ठ, प्रमुख | प्रमुख |
| २. | | श्री रुद्र प्रकाश उपाध्याय, उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री कृष्ण प्रसाद सापकोटा, प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| ४. | | श्री सन्त बहादुर गाहा, प्रवक्ता | सदस्य |
| ५. | | श्री सन्दिप सापकोटा, वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ६. | | श्री गणेश बहादुर क्षेत्री, वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ७. | | श्री प्रकाश चन्द्र अधिकारी, वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ८. | | श्री बेधविना तिवारी, वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ९. | | श्री विमला गुरुङ्ग, वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| १०. | | श्री रोहीत थारु, वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ११. | | श्री धुर्व थारु, वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १२. | | श्री कविराज आचार्य, वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| १३. | | श्री चन्द्रकान्त चापागाई, वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १४. | | श्री राजु मिश्र, वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १५. | | श्री फणेन्द्र चौधरी, वडाध्यक्ष, वडा नं. ११ | सदस्य |

| | | | |
|---|---|---|---|
| १६. | | श्री उमाशंकर चौधरी, वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १७. | | श्री नर बहादुर चौधरी, वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १८. | | श्री रुद्र बहादुर आले, वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १९. | | श्री भिमकाजी गुरुङ्ग, वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| २०. | | श्री मन्जु चालिसे, कार्यपालिका सदस्य | सदस्य |
| २१. | | श्री सुमित्रा ढकाल, कार्यपालिका सदस्य | सदस्य |
| २२. | | श्री रिता ढुँगाना, कार्यपालिका सदस्य | सदस्य |
| २३. | | श्री जानकी न्यौपाने, कार्यपालिका सदस्य | सदस्य |
| २४. | | श्री रिता कुमारी सुनार, कार्यपालिका सदस्य | सदस्य |
| २५. | | श्री प्रेम बहादुर भुजेल, कार्यपालिका सदस्य | सदस्य |
| २६. | | श्री गोविन्द विश्वकर्मा, कार्यपालिका सदस्य | सदस्य |
| २७. | | श्री बुद्धेराम वि.क., कार्यपालिका सदस्य | सदस्य |
| | | व्यवस्थापन टोलि | |
| २८. | | | |
| २९. | | | |
| ३०. | | | |

प्रस्तावहरु :

१. बर्दघाट नगरपालिकाको आर्थिक विधेयक, २०८०।
२. बर्दघाट नगरपालिकाको विनियोजन विधेयक, २०८०।
३. न्यायिक समितिको प्रतिवेदन स्वीकृती सम्बन्धमा ।
४. बजेट सिलिङ्ग संसोधन सम्बन्धमा ।
५. मध्यकालिन खर्च संरचना सम्बन्धमा ।
६. योजनाको म्याद थप सम्बन्धमा ।
७. लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।
८. तालिम गोष्ठि संचालन सम्बन्धि मापदण्ड ।
९. इन्धन तथा संचार सुविधा सम्बन्धि मापदण्ड सम्बन्धमा ।
१०. घर नक्सा अभिलेखिकरण गर्ने सम्बन्धमा ।
११. शिक्षक छनोट अनुदान रकम सम्बन्धमा ।
१२. बालमैत्री वडा घोषणा सम्बन्धमा ।
१३. धन्यवाद ज्ञापन सम्बन्धमा ।

**निर्णय नं. १**

- बर्दघाट नगरपालिकाको आर्थिक विधेयक, २०८० स्वीकृतिका लागि नगरसभामा पेश गर्ने ।

**निर्णय नं. २**

- बर्दघाट नगरपालिकाको विनियोजन विधेयक, २०८० स्वीकृतिका लागि नगरसभामा पेश गर्ने ।

**निर्णय नं. ३**

- न्यायिक समितिको प्रतिवेदन, २०८० र अनुगमन तथा सुपरिवेक्षण समितिको प्रतिवेदन, २०८० स्वीकृतिका लागि नगर सभामा पेश गर्ने ।

**निर्णय नं ४**

- मिति ०८०।३।६ गतेको नगरसभाबाट पारित भएको रु ९० करोड ५० लाखको बजेट सिलिङ्ग अधुरा योजनाहरुको लागि श्रोत सुनिश्चितताका कारणले वृद्दि भई कायम भएको कुल बजेट सिलिङ्ग रु ९३ करोड ५० लाख लाई नगरसभामा पेश गर्ने ।

**निर्णय नं ५**

- बर्दघाट नगरपालिकाको मध्यकालिन खर्च संरचना, २०८० स्वीकृतिका लागि नगरसभामा पेश गर्ने ।

निर्णय नं ६

- चालु आ.व.मा उपभोक्ता समिति तथा ठेक्का पट्टा बाट सञ्चालित केही योजनाहरुको कार्य सम्पन्न नभई अधुरो रहेको सन्दर्भमा मिति ०८०।३।२१ को संघीय राजपत्रमा प्रकाशित सूचना बमोजिम म्याद थपको लागि सम्बन्धित पक्षको निवेदन मागको आधारमा देहायका योजनाहरुको हकमा उल्लेखित सूचना जारी भएको मितिले २१ दिन भित्र वैंक ग्यारेन्टी अद्यावधिक गरि नियमानुसार म्याद थपको लागि पेश गर्ने र पेश भएको आधार र कारण मनासिव ठहरिएका व्यावसायीहरुको सन्दर्भमा कामको प्रकृति हेरी बढीमा २०८० पौष मसान्त सम्म म्याद गर्ने र म्याद थप भए पश्चात आवश्यक पर्ने देहायको श्रोत सुनिश्चित गर्ने सम्बन्धी आवश्यक निर्णयको लागि नगरसभामा पेश गर्ने ।

| क स | ठेक्का नं | योजनाको नाम र योजना स्थल | ठेक्का पाउने कम्पनीको नाम | सम्झौता रकम | चालु आ व मा भूक्तानी भएको रकम | भुक्तानी गर्न बाँकी रकम रु | आगामी आव को लागि श्रोत सुनिश्चित गर्नु पर्ने रकम रु भेरिएसन समेत |
|---|---|---|---|---|---|---|---|
| १ | १०।०७८।०७९ | गंगाबस्ती विजयनगर धर्मबस्ती रामु राउतको घर पुष्पलाल चोक सरस्वती मा वि वडा नं १६ को कार्यालय देखि वरुवा सडक कालोपत्रे | विकास एण्ड ब्रदर्श मजदुर ज्वाइन्ट भेन्चर विरेन्द्रनगर सुर्खेत | २९१५२०२३।१८ | १२४४२६९२।०९ | १६७०९३३१।०९ | १७५०००००।०० |
| २ | ६।०७९।०८० | गैडहवा भगजोनी भानुनगर सूर्यपुरा सडक कालोपत्रे वडा नं ११ र रड | आर वि कन्स्ट्रक्सन स रामग्राम १२ | ३६५८६२०।४६ | २१८१८२४ | १४७६७९६ | १५५००००।०० |
| ३ | ११।०७९।०८० | सरावल सिमा सडक वडा नं ९ जमुनिया चोक देखि सफैया जाने सडक स्तरोन्नती वडा नं १२ | आर वि कन्स्ट्रक्सन स रामग्राम १२ | ३६४४३०१ | २७०६७२१।७८ | ९३७५७९।२२ | १००००००।०० |
| ४ | ३०।०७९।०८० | वकुल्ला खोलामा कल्भर्ट निर्माण र कृषि प्लट सडकमा कल्भर्ट मर्मत वडा नं २ | मनोहर कन्स्ट्रक्सन सरावल २ नवलपरासी | २१२९९८९।२३ | ८४७९०१।४४ | १२८२०८७।७९ | १३५००००।०० |
| ५ | ३१।०७९।०८० | नाला सहित बाटो कालोपत्रे भगजोनी स्कूल क्षेत्र वडा नं ११ | अनिशा कन्स्ट्रक्सन कावासोती ३ नवलपरासी | ८१६६९८८।८७ | ० | ८१६६९८८।८७ | ८५०००००।०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | ३६।०७ ९।०८० | वडा नं १२ कुशुम चोक खानेपानी टँकी हुँदै वडा नं १३ जाने सडक धुर्वटोल देखि दक्षिण सुनटाँडि मैराटाँडी विजयपुर सडक मर्मत वडा नं १० शिवनगर कोलनी सडक मर्मत वडा नं ४ जिमिरेभार वेलहानी हुँदै वडा नं १ को स्वास्थ्य कार्यालय जोड्ने सडक मर्मत | सुशान सन्स्ट्रक्सन वर्दघाट १२ नवलपरासी | ६०६८९८९।०० | १६४३०१६।०० | ४४२५९७३।०० | ४६०००००।०० |
| ७ | १४-०७९/०८० | बासखोला जाने पुल निर्माण वडा नं २ | मानुषि कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि वर्दघाट-९ नप | ६४५०८४९।८७ | ५०२६१४५ | १४२४७०४।८७ | १५०००००।० |
| | | वुद्दबस्ति ट्रस पुल निर्माण वडा नं १४ | वुद्दवस्ति ट्रस पुल निर्माण उपभोक्ता समिति | १७४४२६०।३६ | ६३७२०२।५५ | ११०७०५७।८१ | ११५००००।०० |
| ९ | | भूताहाचावी ट्रस पुल निर्माण वडा नं १० | भूताहाचावी ट्रस पुल निर्माण उ स | १५६९६०६।२५ | ४९७८३४।३९ | १०७१७७१।८६ | ११०००००।०० |
| १० | | स्यलो ट्यूवेल जडान वर्दघाट २ | हाम्रो एग्रो फर्म चिसापानी | ७५००० | ० | ७५००० | ७५०००।०० |
| ११ | | सोलार वत्ति जडान | समृद्द नेपाल इनर्जी | ७९५५२५।०० | ७८३५२५।०० | १२०००।०० | ५००००।०० |
| | | विनियोजन गर्नु पर्ने जम्मा रकम रु | | | | | ३०७०००००।०० |

निर्णय नं. ७

- **बर्दघाट** नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को आर्थिक कारोवारको आधारमा महालेखापरीक्षकको कार्यालयबाट पेश भएको लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने, साथै चालु आ.व. २०७९/०८० को

आर्थिक कारोवारको आन्तरिक लेखा परीक्षणको लागि कोष तथा लेखा नियन्त्रक कार्यालय परासी नवलपरासी (बर्दघाट सुस्ता-पश्चिम) लाई अनुरोध गर्ने ।

निर्णय नं ८

- आगामी आ.व.को तालिम गोष्ठि लगायतका सफ्टवेयर कार्यक्रम संचालनका लागि देहायको मापदण्ड स्वीकृत गर्न नगरसभामा पेश गर्ने ।

| क स | खर्च क्षेत्र | इकाइ (एक व्यक्ति) | दर रु | कैफियत |
|---|---|---|---|---|
| १ | श्रोत व्यक्ति केन्द्रियस्तर विषय विज्ञ | प्रति व्यक्ति प्रति डेड घण्टा | ३४०० | |
| २ | कार्यालय बाहिरको श्रोत व्यक्ति | प्रति व्यक्ति प्रति डेड घण्टा | १५०० | श्रोत सामाग्री रु ५०० |
| ३ | कार्यालय भित्रको श्रोत व्यक्ति अधिकृतस्तर | प्रति व्यक्ति प्रति डेड घण्टा | १५०० | श्रोत सामाग्री रु ५०० |
| ४ | कार्यालय बाहिरको श्रोत व्यक्ति सहायकस्तर | प्रति व्यक्ति प्रति डेड घण्टा | १००० | श्रोत सामाग्री रु ५०० |
| ५ | कार्यक्रम संयोजक पारिश्रमिक | प्रति दिन | १००० | १ कार्यक्रम १ जना मात्र |
| ६ | सहभागि यातायात खर्च | प्रति दिन | ५०० | आते जाते |
| ७ | चिया खाजा खर्च | प्रति व्यक्ति प्रति दिन | १५० | दिनको १ पटक |
| ८ | खाना खर्च | प्रति व्यक्ति प्रति दिन | ३०० | दिनको १ पटक |
| ९ | सहभागि स्टेशनरी | प्रति व्यक्ति प्रति तालिम | १०० | डटपेन कापी र अन्य |
| १० | तालिम स्टेशनरी | प्रति तालिम | ५००० | मार्कर वोर्ड पेन आदी |
| ११ | आवासीय तालिम प्रति सहभागि | प्रति व्यक्ति प्रति दिन | १५०० | खान बस्न सहित |
| १२ | कार्यालय सहयोगी र ह.स.चा. र नगर प्रहरी | प्रति तालिम | ५०० | |

निर्णय नं ९

- यस नगरपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउन इन्धन र सञ्चार लगायतका सुविधा उपलब्ध गराउन लेखा समितिको संयोकत्वमा देहाय वमोजिमको मस्यौदा समिति गठन गर्ने र उक्त समितिले आवश्यक पर्ने कार्यविधि निर्माण गरी आगामि कार्यपालिका बैठकमा पेश गर्ने ।

तपशिल

लेखा समितिको संयोजकः संयोजक

आर्थिक विकास समितिको संयोजकः सदस्य

सामाजिक विकास समितिको संयोजकः सदस्य

आर्थिक प्रशासन शाखा प्रमुखः सदस्य

कृष्णबहादुर थापा क्षेत्रीः सदस्य -सचिव

निर्णय नं १०

- यस नगरपालिका अन्तरगत रहेका पुराना घरहरुको अभिलेखिकराण गर्ने अवधि मिति २०८० साल श्रावण देखि मिति २०८० साल पौष मसान्त भित्रमा सम्पन्न गर्ने गरी कार्य अगाडि बढाउने विषय अनुमोदनका लागि नगरसभामा पेश गर्ने ।

निर्णय नं ११

- "बर्दघाट नगरपालिकामा शिक्षक तथा विद्यालय कर्मचारी छनोट कार्यविधि २०८०" मा व्यवस्था भएबमोजिम यस नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरूमा शिक्षक/कर्मचारी छनौट गर्दा लाग्ने खर्च नगरपालिकाबाट बेहोर्ने प्रावधान रहेको र चालु आ.व. २०७९/०८० मा बजेट व्यवस्थापन हुन नसकी विद्यालयलाई भुक्तानी दिन नसकिएकाले भुक्तानी दिन बाँकी रहेका विद्यालयहरूलाई आगामी आ.व. २०८०/०८१ मा सामुदायिक विद्यालयलाई शिक्षक छनोट अनुदान शीर्षकबाट भुक्तानी दिने ।

निर्णय नं १२

- बर्दघाट नगरपालिका वडा नं ०९ लाई बालमैत्री वडा घोषणा गर्ने अभियान अन्तर्गत वडा कार्यालयबाट तयार पारिएको बालमैत्री स्थानीय शासन घोषणा पश्चात दिगोपनको लागि आ.व. २०८०/०८१ देखि २०८४/२०८५ सम्मको रणनीतिक योजना स्वीकृत गर्ने र सम्बन्धित वडालाई बालमैत्री घोषणा गर्न अनुमति प्रदान गर्ने ।

निर्णय नं १३

- बर्दघाट नगरपालिका वडा नं ०८ बस्ने पूर्णकान्त गिरीको नाममा रहेका देहायका जग्गाह भू उपयोग- क्षेत्र वर्गिकरणमाछुट हुन गएकोले उक्त वर्गिकरणमा समावेश गरि पाउँ भनि सम्बन्धित ११ नं वडा कार्यालयबाट च.नं. ११८८ मिति २०८०/०२/२७ मा प्राप्त भएको सिफारिसका सम्बन्धमा यस कार्यालयका अमिन कर्मचारी श्री अनिल पोखरेलबाट स्थलगत निरीक्षण गर्दा उल्लिखित जग्गा आवासिय क्षेत्रमा पर्ने देखिन्छ भनि प्रतिवेदन प्राप्त भएकोले देहायका जग्गालाई वर्गिकरणमा समावेश गर्न पुनः छलफलको लागि भू-उपयोग परिषदमा पठाउने ।

तपशिल

| क्र.सं. | नाम थर | नगरपालिका | वडा नं | कित्ता नं | क्षेत्रफल | वर्गिकरण | कै |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्णकान्त गिरी | साविक तिलकपुर | ४ख/ | ३६५ | ०-५-१५-० | आवासिय | |

निर्णय नं १४

- चालु आर्थिक वर्ष ०७९।८० मा यस नगरपालिकाको विकास र सेवा प्रवाहमा सहयोग पुर्याउनुहुने सम्पूर्ण कार्यपालिकाका सदस्य ज्यूहरु, राजनीतिक दल, कर्मचारी मित्रहरु, निर्माण व्यावसायी, उपभोक्ता समिति, सञ्चारकर्मी, नीजि क्षेत्र, आम नागरिक लगायत सम्पूर्ण सरोकारवालाहरुमा धन्यबाद ज्ञापन गर्ने ।